# मिथक र साहित्य

महेन्द्र कुमार मल्ल (पिएच.डी.)

**सार**

*अङ्ग्रेजीको 'मिथ' शब्दका अर्थमा नेपालीमा 'मिथक' शब्द प्रचलनमा छ । मूलतः अलौकिक र चामत्कारिक घटनाहरू रहेको प्रतीकात्मक आख्यानलाई मिथक भनिन्छ । यसमा भ्रमात्मक कल्पना मात्र नभएर प्राचीन ज्ञानको प्रतीकारात्मक अभिव्यक्ति रहेको हुन्छ । मिथक साहित्यका लागि महत्त्वपूर्ण स्रोत हो भने कतिपय सन्दर्भमा यो आफैमा साहित्य पनि हो । साहित्यले मिथकीय सन्दर्भलाई युगीन सोचाइ र संवेदनामा रूपान्तरित गरी कलात्मक उत्कृष्टता प्राप्त गरेको हुन्छ । मिथकमा रहेको अनुकूलनको शक्ति साहित्यमा युग र सन्दर्भ अनुसार रुपान्तरित भएर नयाँ अर्थवत्ताको सामर्थ्य प्रदान गरि रहेको हुन्छ । यस्तो अर्थवत्ता सरल नभएर प्रतीकात्मक र व्यङ्ग्यात्मक हुन्छ । समय सन्दर्भ अनुसार मिथकको दोहन गर्न सक्ने साहित्य प्रभावशाली बन्न सक्छ । महान् साहित्यकारले नयाँ मिथकको निर्माण गर्न सक्छ । मिथकमा पनि कथात्मकता, प्रतीकात्मकता, कल्पनाशीलता जस्ता साहियित्क तत्त्वहरू पाइन्छन् । त्यसैले मिथक र साहित्यका बिचमा नजिकको सम्बन्ध रहेको हुन्छ ।*

**प्रमुख शब्दहरू :** मिथक, साहित्य, अलौकिकता, अचेतन, आद्य बिम्ब, कल्पनाशीलता, प्रतीकात्मकता

**समस्या कथन**

मिथकको स्वरूप के कस्तो छ ? ज्ञानका विविध हाँगाले मिथक सम्बन्धी के कस्ता अवधारणा प्रस्तुत गरेका छन् ? मिथक र साहित्यको अन्तर्सम्बन्ध के कस्तो रहेको छ ? भन्ने जस्ता समस्याहरू नै यस अनुसन्धानका समस्या हुन् ।

**उद्देश्य**

मिथकको स्वरूप पहिल्याउनु, मिथक सम्बन्धी ज्ञानका विविध शाखाका अवधारणा प्रस्तुत गर्नु एवम् मिथक र साहित्यको अन्तरसम्बन्ध देखाउनु यस अनुसन्धानका उद्देश्यहरू हुन् ।

**अनुसन्धान विधि**

अङ्ग्रेजी र हिन्दीका सैद्धान्तिक पुस्तकहरूबाट मिथक र साहित्य सम्बन्धी अवधारणाको खोजी गरिएको छ । यस्ता पुस्तकहरूको खोजी विभिन्न पुस्तकालय, प्रकाशन गृह र पुस्तक पसलहरूबाट गरिएको छ । अतः यस अनुसन्धान कार्यका सामग्रीको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ ।

अनुसन्धानका लागि सङ्कलन गरिएका सामग्रीहरूलाई व्यवस्थित र क्रमबद्ध रूपमा अध्ययन गरी मिथकको उत्पत्ति, स्वरूप, मिथक सम्बन्धी विविध अवधारणा र मिथक र साहित्यको अन्तरसम्बन्धलाई स्पष्टताका साथ प्रस्तुत गर्ने सन्दर्भमा विश्लेषाणात्मक र तुलनात्मक विधिको उपयोग गरिएको छ ।

**मिथकको व्युत्पत्ति**

अङ्ग्रेजी भाषाको 'मिथ' (Myth), ग्रीसेली 'मुथोस' (Muthos)बाट विकसित शब्द हो । प्रारम्भमा यसलाई आख्यानका रूपमा नलिई कुराकानी वा वर्णन गर्ने शब्दका रूपमा नलिई कुराकानी वा वर्णन गर्ने शब्दको रूपमा लिइन्थ्यो । केही कालक्रम पश्चात् देवी देवताहरूसँग सम्बन्धित अतिप्राकृतिक र असत्य कथारू भन्ने अर्थमा यस शव्दलाई प्रयोग गर्न थालियो । प्लेटोले पुरै असत्य नभएको आख्यानको एक अंश भनेर मुथोस शब्दलाई चिनाएका छन् (कडन, सन् १९९२:५६२) । मध्यकालीन समयका ल्याटिनका फेबुलासँग पनि मिथकलाई जोडेर हेर्ने गरेको पाइन्छ । ग्रीसको 'मिथोस' ल्याटिन र जर्मनी हुँदै अङ्ग्रेजीमा मिथकका रूपमा प्रचलनमा आएको हो । अङ्ग्रेजीको यही 'मिथ' शव्दको हिन्दी रूपान्तरण मिथक हो । नेपालीमा पनि 'मिथ' शब्दका सट्टामा मिथक शब्दको प्रयोग गर्ने प्रचलन बढ्दै गएको छ ।

**मिथकको स्वरूप**

मिथकको स्वरूपमा विविधता पाइन्छ । सामान्यतया सृष्टिको उद्भव, त्यसको व्यापार र गतिशीलता, जन्म, मृत्यु र पुनर्जन्म र प्रकृतिका विविध तत्त्व, दैवीशक्ति र चमत्कार आदि सम्बन्धी विश्वास र आस्थालाई मिथकले अभिव्यक्त गर्दछ । यसमा प्राचीन मानवले अनुभव गरेको सत्य वा विश्वासको आख्यानात्मक प्रस्तुति रहेको हुन्छ । कोशहरूका अनुसार मिथक अति प्राकृतिक घटना रहने

प्रतीकात्मक परम्परागत कथा हो । मिथकमा आद्भुतिकता, धार्मिकता, रहस्यमयता, अलौकिकता रहने भएकाले ती काल्पनिक र अविश्वसनीय हुन्छन् भनी कोशहरूले चिनाएका छन् । अठाह्रौं शताव्दीका ग्याम्वाटिस्टा विकोले होमरका कृतिहरूको अध्ययन गरे पश्चात् भने मिथक भ्रमात्मक कल्पना होइन भन्ने विचार बलियो बनेर आयो । उनले मिथकलाई आदिम मानवको मनगढन्ते अतिरञ्जना नभएर प्राचीन ज्ञान तथा सत्यलाई प्रतीकात्मक ढंङ्गले अभिव्यक्त गर्ने आफ्नै रूपकात्मक सिद्धान्त र तर्क रहेको काव्यात्मक भाषा भनेका छन् (विम्सट र ब्रुक्स, सन् १९५७:७००) ।

पश्चिमी समाजमा विवेकवादको प्रभाव कम भएपछि लोक संस्कृतिको अध्ययन अनुसन्धानको थालनी भयो र मिथकको अध्ययन पनि प्रारम्भ भयो । विको यसै परिप्रेक्ष्यमा मिथकको नयाँ व्याख्या सहित देखा परेका हुन् । यसपछि देवताका कार्य वा अलौकिक घटनाहरूसँग सम्बद्ध परम्परागत आख्यानका रूपमा हेरिने मिथकको नयाँ नयाँ अध्ययन र व्याख्याको थालनी भयो । अर्थशास्त्र, मानवशास्त्र, समाजशास्त्र, भाषाशास्त्र, इतिहास, मनोविज्ञान, दर्शन आदि जस्ता ज्ञानका विविध क्षेत्रहरूले मिथकलाई व्याख्या गर्ने परम्परा स्थापित भएको हो ।

मिथकलाई कसैले दैवी वा अतिप्राकृतिक घट्नाका रूपमा, कसैले धार्मिक, कसैले मानव शास्त्रीय, कसैले मनोवैज्ञानिक त कसैले सामाजिक, भाषिक, दार्शनिक आदि परिप्रेक्ष्यबाट चिनाउने प्रयत्न गरे पनि ती अवधारणा एकाङ्गी छन् । कुनै खास विषयक्षेत्रबाट मात्र मिथकलाई चिनाउन सकिदैन । यसको स्वरूपमा विविधता र व्यापकता रहेको छ । यसको अत्यधिक दोहन र प्रतिफलनका दृष्टिले साहित्य महत्त्वपूर्ण मानिन्छ ।

**मिथकको धार्मिक अवधारणा**

कतिपय विद्वान्हरू मिथक र धर्मको सम्बन्ध निकट रहेको मान्दछन् । मिथक धार्मिक अनुष्ठानसँग गाँसिएर आउँछन् । धार्मिक क्रियालाई मैखिक रूपमा सम्पन्न गर्नको लागि मिथकको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसैले बेलेक र वारेनले धार्मिक क्रियालाई सम्पन्न गर्ने मौखिक कथाहरूलाई मिथक भनेका छन् (बेलेक र वारेन, सन् १९५४ : १९१) भने लेबिस स्पेन्सले मिथकशास्त्रलाई धर्म विज्ञानको एक भाग भनेका छन् (स्पेन्स, सन् १९९४ : १३) । मिथक र धर्मलाई निकटताका आधारमा हेर्ने विद्वान्हरूमा रोबर्टसन स्मिथ, अर्वन, ओटो, मलिनोव्स्की, श्रीमती एस.के. ल्याङ्गर आदि पनि पर्दछन् । कतिपय विद्वान्हरू मिथक र धर्मका बिचमा सम्बन्ध हुँदैन भन्ने धारणा राख्दछन् । उनीहरू यी दुईलाई अलग अलग विशेषता बोकेका विधा मान्दछन् । यस क्रममा एस.बी. जेबोन्सको धारणा महत्त्वपूर्ण मानिन्छ । उनी मिथकलाई प्राचीन इतिहास, दर्शन, काव्यको स्रोत मान्न तयार छन्, तर धर्मका रूपमा स्वीकार्न सहमत छैनन् (स्पेन्स, सन् १९९४ : ८८) ।

**मिथकको मानव शास्त्रीय अवधारणा**

मानव शास्त्रीहरू प्राचीन समाजको अध्ययनका क्रममा प्राचीन मिथकको अध्ययनतर्फ पनि आकर्षित भएका छन् । उनीहरू मिथकमा आदिम मानवको अनुभव, आस्था र कल्पना अभिव्यक्ति भएको हुन्छ भन्दछन् । मिथकको मूल प्रकृति हो भन्ने उनीहरूको विश्वास छ । जातीय संस्कृतिको पहिचानका लागि मिथकको भूमिका रहन्छ भन्ने उनीहरूको धारणा रहेको छ । मिथकमा जातीय आस्था, विश्वास र परम्परा विद्यमान रहने हुनाले यसलाई उनीहरू विकासात्मक तत्त्वका रूपमा हेर्दछन् (स्मिथ, सन् १९९५ : २०४) । त्यसै गरी टेलरले आदिम मानव प्रकृतिका सबै वस्तुहरूलाई जीवित तत्त्वका रूपमा लिन्थ्यो भन्दै सर्वात्मवादी (Animism) सिद्धान्तको स्थापना गरेका छन् (स्पेन्स, सन् १९९४ : ५९) । लेबिस स्पेन्स, फ्रेजर, मर्सिया इलियड आदि मानवशास्त्रीहरूले पनि मिथकलाई जातीय संस्कृतिको धरोहरका रूपमा लिएका छन् ।

**मिथकको मनोवैज्ञानिक अवधारणा**

सिग्मण्ड फ्रायडले मनोवैज्ञानिक सिद्धान्तको स्थापना गरे पश्चात् मिथकको अवधारणामा पनि परिवर्तन आयो । फ्रायडले मिथकलाई अचेतनसँग सम्बद्ध गरेर हेरे । अचेतन दमित इच्छाहरूको बासस्थान हो । मान्छेका अतृप्त चाहनाहरू यहीँ रहेका हुन्छन् । फ्रायडले मिथकलाई तिनै इच्छाहरूको पूर्तिको साधनका रूपमा लिएका छन् (ब्रीजवाटर र शेरउड, सन् १९५६ : १३५०) । मिथकको मनोवैज्ञानिक व्याख्याका दृष्टिले कार्ल गुस्ताव युङ्ग महत्त्वपूर्ण मानिन्छन् । उनले सामूहिक अचेतनमा रहने र वंशानुगत रूपमा हस्तान्तरित हुँदै जाने आद्यबिम्बहरूलाई मिथक भनेका छन् । त्यसैले मिथकमा सामूहिक आकाङ्क्षा, आस्था र विचार प्रकट हुन्छ भन्ने उनको धारणा रहेको छ । यही सामूहिक अचेतनको अभिव्यक्ति हुने भएकाले केरेन्यी

मिथकीय सिर्जना सार्वभौम हुन्छ भन्दछन् (युङ्ग र केरेन्यी, सन् २००२ : १) । फ्रायड र युङ्गको मनोवैज्ञानिक व्याख्याबाट मिथकले नयाँ आयाम प्राप्त गऱ्यो ।

**मिथकको समाज शास्त्रीय अवधारणा**

मिथक समाजको सामूहिक विश्वास हो। यसमा मनुष्यका आस्था र विश्वास प्रकट हुन्छन्। सामाजिक र जातीय जीवन अभिव्यक्ति हुने भएकाले यसलाई महत्त्वपूर्ण सांस्कृतिक धरोहरका रूपमा लिइन्छ । मलिनोव्स्की मिथकलाई सामाजिक चार्टरका रूपमा हेर्दछन्। सामूहिक विश्वासका रूपमा रहेका त्यस्ता मिथकहरूमा परम्परा अन्तभूर्त हुन्छ। त्यसैले समाजको जातीय संस्कृतिलाई बुझ्न मिथकको सहयोग महत्त्वपूर्ण मानिन्छ । मरेट मिथकका कथाहरूलाई मानव संस्थाहरूसँग जोडेर हेर्दछन् (स्पेन्स, सन् १९९४ : ८९) । युङ्गको सामूहिक अचेतनको मान्यताले मिथकलाई व्यापक सामाजिक आयाम प्रदान गऱ्यो । समाजको बदलिँदो आर्थिक सामाजिक सन्दर्भसँगै मिथकीय स्वरूपमा पनि परिवर्तन देखा पर्दछ । प्राचीन मिथकहरूको वर्तमान साहित्यिक प्रयोगको प्रकृतिलाई हेऱ्यौं भने यस्तो देखिन जान्छ। यसरी सामाजिकताका सन्दर्भबाट पनि मिथकलाई अध्ययन गरेको पाइन्छ ।

**मिथकको भाषा शास्त्रीय अवधारणा**

म्याक्समूलर मिथकको जन्म भाषाबाट भएको मान्दछन्। आदिम मानवमा कुनै वस्तुको बारेमा वर्णन गर्दा शब्दको अभाव हुने भएकाले रूपकात्मकता सिर्जना हुन्थ्यो भन्ने उनको धारणा रहेको छ। यही रूपकात्मकताका कारणले नै मिथकमा भ्रमको सिर्जना हुने भएकाले उनले मिथकलाई भाषाको रोग भनेका छन् (स्पेन्स, सन् १९९४ : ४८) । कक्सले भाषाको रोग वा विकृतिका ठाउँमा मूल अर्थको विस्मृति भनेका छन् (श्रीवास्तव, सन् १९८५ : १६) । अर्नेस्ट क्यासिरेर भने मिथकलाई भाषाको विकृतिका रूपमा नभई ज्ञानको माध्यमका रूपमा लिन्छन्। उनले भाषा र मिथकलाई एउटै वृक्षबाट विकसित दुई अलग शाखा मान्दै मिथकलाई भाषाको रोग ठान्ने हो भने सम्पूर्ण सैद्धान्तिक ज्ञानलाई भ्रान्ति मान्नु पर्छ भन्ने विचार प्रकट गरेका छन् (क्यासिरेर, सन् १९८८ : ११२) । त्यसै गरी रोलाँ बार्थ मिथकलाई कथनको प्रकारका रूपमा लिँदै व्यापक सङ्केत व्यवस्था मान्दछन् (बार्थ, सन् २००२ : १११९) भने क्लाउड लेभी-स्ट्रस अर्थले उचाइ प्राप्त गरेको भाषाको विशिष्ट रूपलाई मिथक भन्दछन् (लेभी-स्ट्रस, सन् २००२ : १०४) । यसरी भाषिक आधारमा पनि मिथकको स्वरूप पहिल्याउने परम्परा रहेको छ ।

**मिथकको इतिहास सम्बन्धी अवधारणा**

मिथकलाई प्राचीन इतिहासका रूपमा पनि हेर्ने गरेको पाइन्छ । यसमा अतीतको सोचाइ, आस्था र संस्कृति आएको हुन्छ । जातीय संस्कृतिको ऐतिहासिक विकास यसैका माध्यमबाट थाहा पाउन सकिन्छ । तर यसमा इतिहासमा जस्तो तथ्याङ्क नभएर जातीय जीवनको सामूहिक आस्था प्रकट भएको हुन्छ । रोबर्ट्सन स्मिथ मिथकको संरचना मानिसको गम्भीर जीवनको एक भाग भन्दछन् (स्पेन्स सन् १९९४ : ९२) । लिखित सामग्रीको अभावमा तथ्य बताउन नसक्नु इतिहासको सीमा हो भने पुरानो समयको वा लिखित सामग्रीको अभाव रहेको अवस्थामा तत्कालीन समय र समाजका बारेमा जानकारी राख्नका लागि मिथकको सहयोग आवश्यक हुन्छ । त्यसै गरी इतिहासका घटना र नायक मिथक बन्न सक्छन्। मिथकलाई इतिहासको व्यापक धारणाका रूपमा लिने गरिन्छ । यस सन्दर्भमा मिथक इतिहास बन्न सक्छ र इतिहास मिथक बन्न सक्छ भन्ने जेफ्रीको दृष्टिकोण महत्त्वपूर्ण मानिन्छ (स्पेन्स, सन् १९९४ : ९०) ।

**मिथकको दर्शनशास्त्रीय अवधारणा**

मिथकलाई दर्शनका रूपमा पनि हेरिएको पाइन्छ । आदिम मानव आफ्नो वरिपरिको परिवेश र वस्तुहरूको निरीक्षण मात्र गर्दैनथ्यो त्यसप्रति धारणा पनि बनाउँथ्यो । सृष्टिको उद्‌भव, प्राकृतिक व्यापार, सामाजिक संस्था आदिका सन्दर्भमा उसका आफ्नै दृष्टिकोणहरू रहेका छन् । प्राकृतिक रहस्य जान्न आदिम मानव निकै उत्सुक थियो। त्यसैले मिथकलाई प्राकृतिक रहस्य उद्‌घाटन गर्ने आदिम मानवको सृजन विज्ञानका रूपमा पनि लिइन्छ । श्रीमती ल्याङ्गरले मिथकलाई आदिम मानवको आत्मिक विचार मान्दै सामान्य विचारको प्रथम सुरुवात पनि मानेकी छन् (विम्सट र ब्रुक्स, सन् १९५७ : ७०५) । अर्नेस्ट क्यासिरेर मिथकले वस्तुलाई धारण गरेको छ, छैन भन्नुभन्दा पनि त्यसले आफैमा जे बोध गराउँछ, त्यही नै महत्त्वपूर्ण हुन्छ भन्दछन्। उनका विचारमा प्राचीन प्रतीकहरू अनर्थ नभएर तिनले सत्यलाई अभिव्यक्ति गर्ने क्षमता राख्दछन् । आत्मा

आफै व्यक्त हुन्छ र सत्य त्यसैमा रहन्छ भन्दै उनले मिथक, कला, भाषा र विज्ञान अनुकरण नभएर सत्यका तत्त्वहरू भनेका छन् (क्यासिरेर, सन् १९८८ : ११३) ।

**मिथक र साहित्य**

मिथक र साहित्यको नजिकको सम्बन्ध छ । साहित्यमा मिथकका विविध अर्थलाई अभिव्यक्त गर्ने सामर्थ्य रहेको हुन्छ। कुनै पनि देशको साहित्य आफ्नो मिथकीय परम्परासँग सम्बद्ध हुन्छ । साहित्यकारले मिथकका माध्यमबाट आफ्नो जातिको वैयक्तिक वा सामूहिक भाव वा विश्वासलाई वाणी दिन्छ (बड्किन, १९९० : २३२) । मिथकलाई आधार बनाएर लेखिएका साहित्यहरू कालजयी छन् । पूर्व र पश्चिम दुवैतर्फका साहित्यका लागि मिथक स्रोतको रूपमा रहेको छ । यो साहित्यका लागि सुन्दर, प्रभावशाली र कलात्मक अभिव्यक्तिको आधार हो । कृतिलाई सार्वभौम र सार्वकालिक बनाउनका लागि मिथकको प्रयोग गर्ने प्रवृत्ति बढ्दै गएको पाइन्छ। यसको प्रयोगले आधुनिक साहित्यको कथ्य र शिल्पमा नवीन आयाम थपेको छ । 'युलिसस' जेम्स ज्वायसको विश्वप्रसिद्ध उपन्यास हो । यसमा उनले मिथकलाई संस्कृतिको निरन्तर अचेतनका रूपमा हेरेका छन् (बेल, सन् २००६ : १२२) । यसै कारण यो कृति कालजयी बन्न पुगेको छ । अल्बर्ट कामूको 'द मिथ अफ सिसिफस' र सल्मान रुस्दीको 'द सटानिक भर्सेज' मा मिथकको पुनर्सिर्जन गरेको छ । हिन्दीका साहित्यकार प्रसादको 'कामायनी' महाकाव्य वैदिक मिथकमा आधारित भएर पनि सार्वभौम सत्यलाई प्रकट गर्न सक्षम भएको छ।

नेपाली साहित्यमा पनि यस्ता थुप्रै कृतिहरू देखा पर्दछन् जसले मिथकको प्रयोगबाट युगीन र सार्वभौम सत्यलाई उद्भासित गर्न सक्षम भएका छन् । यस्तो परम्पराको उत्कृष्ट उपन्यासहरूमध्ये विश्वेश्वर प्रसाद कोइरालाको 'मोदिआइन' पनि एक हो । यसमा विशेष गरी कृष्णको मिथकलाई युग सन्दर्भ अनुसार नवीन अर्थवत्ता प्रदान गरिएको छ । परम्परागत धारणा अनुसार सत्य र न्याय स्थापना गर्नका लागि कृष्णले पाण्डवको पक्ष लिए र अर्जुनलाई युद्धमा उत्प्रेरित गरे भन्ने विश्वास गरिन्छ । महाभारतको युद्ध पश्चात् सृष्टिमा सत्य र न्याय स्थापित भयो भन्ने धार्मिक व्याख्या पाइन्छ । तर 'मोदिआइन' उपन्यासमा उक्त धारणालाई खण्डन गरिएको छ । हिंसा र बलबाट लाखौँलाख मानिसको जीवन समाप्त गर्ने युद्ध र युद्धलाई उत्प्रेरित गर्ने कृष्ण सत्य र न्यायका पक्षधर थिएनन्। युद्ध र रक्तपातबाट मानव कल्याण सम्भव हुँदैन । त्यसैले महाभारतको युद्ध मानव विरोधी युद्ध थियो भन्ने धारणा यस उपन्यासमा आएको छ । त्यसैले मिथकको पुनर्व्याख्या र नवीन अर्थवत्ताको प्रयोगले साहित्यिक सामर्थ्य र प्रभावलाई सशक्त तुल्याएको हुन्छ । सोपेनहावरका अनुसार मृत्युको अस्तित्व नहुँदो हो त दुनियामा दर्शन हुने थिएन । अर्थर कोस्लरका अनुसार यदि मृत्युको अस्तित्व नहुँदो हो त कला पनि हुने थिएन । वीरेन्द्र सिंहका विचारमा मिथकको अस्तित्व नहुँदो हो त काव्य र कला पनि नीरस र निर्जीव हुने थिए, त्यसैले कलाकारहरूलाई आफ्नो समाजको अतीतसँग सम्बन्धित हुनु पर्ने आवश्यकताले पनि मिथक तर्फ प्रेरित गर्दछ (सिंह, सन् १९९७ : ४७-४८) ।

रिचार्ड चेज मिथक र साहित्यको बिचमा अभिन्न सम्बन्ध हुन्छ भन्ने ठान्दछन् । उनका विचारमा मिथक केवल कला हो (चेज, सन् १९४९ : ११०) । उनी मिथकलाई साहित्य र साहित्यलाई मिथक मान्दछन् । शुद्ध कला वा साहित्य मिथकीय हुन्छ, मिथकको रचना प्रक्रिया र साहित्य वा कलाको रचना प्रक्रिया एउटै हुन्छ र यी दुईको अन्तरङ्ग तत्त्व एउटै हुन्छ भन्ने उनको धारणा छ । त्यसैले साहित्य वा कलाको विश्लेषणमा मिथकको आधार महत्त्वपूर्ण हुन्छ भन्ने उनी ठान्दछन् । उनका विचारमा मिथक एक कला हो । यो वर्णनात्मक वा काव्यात्मक साहित्य हो । यो एक प्रकारको ज्ञान, चिन्तन प्रक्रिया र जीवनको मार्ग दर्शन हो, जुन कलात्मक हुन्छ । कला भएकोले नै यो विज्ञानको विपरीत हुन्छ । मिथक काव्य वा साहित्यको अनिवार्य अङ्ग होइन, तर काव्य वा साहित्य मिथकको अनिवार्य अङ्ग हो (चेज, सन् १९७६ : २४५-२४६) । उनका अनुसार अन्य प्रकारका साहित्यले जस्तै मिथकले पनि दमित मानवीय संवेदनाहरूलाई रेचन गर्दछ (चेज, सन् १९७६ : २४९) । मिथक उत्पत्ति सम्बन्धी आदिम मनोवैज्ञानिक प्रक्रियालाई उल्लेख गर्दै चेजले जसरी घना जङ्गलमा भयावह जीव लुकेको हुन्छ त्यसै गरी मानिसको वैयक्तिक र सामूहिक अचेतनमा भयावह जीव लुकेको हुन्छ भनेका छन्। जङ्गलका जनावरहरूलाई लखेटेर खोरमा बन्द गरेजस्तै मानवले आफ्ना मनभित्र छिपेका भयावह तत्त्वहरूलाई मिथकमा बन्दी गरायो भन्ने धारणा चेजको रहेको छ । यसबाट मिथक अनुकूल प्रतिकूल दुवै अवस्थामा उत्पन्न भएको तीव्र आदिम संवेदना वा भावनाहरूको कथात्मक रूपान्तर हो भन्ने बुझिन्छ। यसलाई उनले साहित्य समान रेचनको

माध्यमको रूपमा स्वीकारेका छन् (गौतम, सन् १९९७ : ५४-५५)। रिचार्ड चेजले जस्तै मिथक नै साहित्य हो नभने पनि मुरारीलाल मिथक र साहित्यलाई समानधर्मी देख्दछन् (मुरालीलाल, सन् १९८२ : ३९)। यसरी मुरारीलाल मिथक र साहित्यमा रहेको अन्तर्सम्बन्धलाई औंल्याउँछन्।

फिड्लरका अनुसार आद्यप्रकार प्रच्छन्न ढङ्गबाट काव्यको सामग्रीका रूपमा रहेको हुन्छ। कविको मनमा चिरन्तन आदर्श र वैयक्तिक विचार र भाव एकीकृत हुन्छ र पुरावृत्त वा कविताका रूपमा अभिव्यक्ति हुन्छ। हर्बट रीडले मिथक र साहित्य दुवैलाई स्वतः लेखनको प्रक्रियाका रूपमा लिएका छन्। उनले स्वतः लेखनलाई स्वप्न लेखन मानेका छन्। स्वप्न लेखनका माध्यमबाट रचित काव्य मिथक अनुरूप हुन्छ, किनभने तिनमा प्रतीक र बिम्बको निरन्तर प्रयोग पाइन्छ भन्ने उनको धारणा छ (गौतम, सन् १९९७ : ५५)। यस भनाइले पनि साहित्य र मिथकलाई समान धरातलमा राखिएको पाइन्छ।

नर्थप फ्राई पनि साहित्य र मिथकको सम्बन्धमा निकटता देख्दछन्। उनले साहित्यमा मिथक र आद्य प्रतीकहरूको संगठनलाई तिन प्रकारबाट हेरेका छन्। उनका अनुसार (फ्राई, सन् १९५७ : ३९) यस्ता संसारहरू धार्मिक साहित्यमा स्वर्ग र नर्कको रूपमा प्रतिबिम्बित भएका हुन्छन् जसलाई दिव्य र दानवीय भन्न सकिन्छ भन्ने फ्राईको धारणा छ। दोस्रो प्रकारलाई उनले स्वच्छन्द मानेका छन् (फ्राई, सन् १९५७ : १३९-१४०)। तेस्रो प्रकारलाई उनले यथार्थसँग जोडेका छन्। यथार्थवादी प्रवृत्तिले कथाको आकारलाई भन्दा पनि विषयवस्तु र प्रतिनधित्वलाई जोड दिन्छ भन्ने उनको धारणा छ।

नर्थप फ्राईले साहित्यमा मिथक विस्थापित हुन नसक्ने, काल्पनिक र यथार्थपरक गरी तिन प्रकारले रहेका हुन्छन् भन्ने धारणा राखेका छन्। उनी मिथकमा रहने वसन्त ऋतु, जन्म, विवाह र पुनर्जन्मजस्ता उर्ध्व गतिका र मृत्यु, परिवर्तन वा त्यागजस्ता अधोगतिका साहित्यमा सुखान्त र दुःखान्तका रूपमा पुनर्बिम्बित हुन्छ भन्ने ठान्दछन् (फ्राई, सन् २००३ : ३६३)।

शेलिङ साहित्य आफैमा मिथकीय हुन्छ भन्ने धारणा राख्दछन्। उनले 'अलौकिक आदर्शवादको पद्धति' नामक आफ्नो पुस्तक र त्यसपछिका लेखहरूमा साहित्यलाई मिथकीय सामग्रीहरूको आवश्यकता पर्दैन, बरु यो आफैमा मिथकीय हुन्छ भनेका छन्। साहित्यले जीवनको रूपमा मिथकको सिर्जना गर्दछ र दर्शनको परम्परागत कार्यहरूलाई समेट्छ भन्ने दृष्टिकोण उनको छ (बेल, सन् २००६ : ११९)। लुसियन लेभी ब्रुल्सका अनुसार आधुनिकतासँग सम्बन्धित लेखहरूका लागि मिथकले व्यक्तिगत, सामुदायिक तथा प्राकृतिक समग्रताको वाध्यकारी प्रतिबिम्ब प्रदान गर्दछ (बेल, सन् २००६ : १२०)। माइकल बेल ज्याक डेरिडाको विनिर्माणवादले संरचनावादी पद्धतिको मात्र व्याख्या नगरी सांस्कृतिक बनोटभित्रका लोप भएका विषय वा विरोधाभासपूर्ण कुराहरूको पनि व्याख्या गर्दछ भन्ने मान्यता राख्दछन्। विनिर्माण मिथक सम्बन्धी मानव शास्त्रीय अवधारणाभन्दा टाढा भए पनि यसले धेरै अर्थमा आधुनिक साहित्यिक मिथक निर्माण गर्न सकिन्छ भन्ने ठान्दछ। यसो गर्दा मिथकलाई आत्म सचेतताको आधुनिक क्षण वा व्यक्तिको स्व सचेतताको क्षण मानिन्छ (बेल, सन् २००६ : १२६)।

फिलिप ह्विलराइट समाजको शैशवावस्थामा हरेक लेखक कवि हुन्छ, किनभने भाषा आफैमा कविता हो भन्ने शेलीको भनाइप्रति सहमत छन्। यसै भनाइलाई आधार मान्दै उनी स्वतस्फूर्त अभिव्यक्ति भएकाले प्राचीन भाषा कविता हो भन्दछन् (ह्विलराइट, सन् १९७६ : २५७)। निर्मल वर्मा कलाको उदात्त क्षणले मिथकीय स्वरूप प्राप्त गर्दछ भन्दछन्। उनका विचारमा कलाले आफ्नो उदात्ततम क्षणमा मिथक हुने सपना देख्दछ, त्यस्तो सपना जसमा व्यक्ति र समूहको भेद समाप्त हुन्छ। तर उनी त्यस्तो उदात्ततम क्षण आजको कलामा दुर्लभ हुँदै गएको ठान्दछन् (वर्मा, सन् १९९५ : २१)। मिथकको साहित्यिक सार्थकतालाई लिएर युङ्गले के सङ्केत गरेका छन् भने लेखक, कलाकारका लागि मिथकीय सन्दर्भले समकालीन समस्याहरूको संवहन गर्न सकेमा मात्र सार्थकता प्राप्त गर्दछ, अन्यथा मिथकका लागि मिथकको कुनै पनि प्रासङ्गिकता छैन (अवस्थी, सन् १९८५ : २२९)। यसरी युङ्ग साहित्यमा मिथक समकालीन समस्याहरूलाई समाधान गर्ने दृष्टिले प्रयुक्त हुनु पर्दछ भन्ने धारणा राख्दछन्।

मिथक र साहित्यमा केही तत्त्वगत र स्वरूपगत समानता देखिन्छ। भाषा प्रयोगका दृष्टिले मिथक र साहित्य नजिक मानिन्छन्। भाषाको लयात्मक, काव्यात्मक पक्ष मिथकको विशेषता हो, जुन साहित्यिक भाषाको पनि विशेषता हो। त्यसैले फिलिप ह्विलराइटले मुनष्यको आदि-भाषा

काव्यात्मक थियो भनेका छन् । काव्यमा शास्त्र सम्मत भाषाको प्रयोग नगरी चित्रात्मक भाषाको प्रयोग गरिन्छ । सिर्जनात्मक प्रयोगमा देखा पर्ने यस्तो चित्रात्मक भाषा मिथक रचनाको प्रक्रियामा पनि देख्न पाइन्छ । त्यसैले मिथक रचनाको प्रक्रिया काव्यको रचना प्रक्रियामा पनि रहन्छ । यी दुवैमा वस्तुसत्य र भावसत्यको तादात्म्यता रहेको हुन्छ । यिनमा रागात्मक तत्त्वको प्रधानता रहन्छ । आदिम भावना वा संस्कारका कारण मिथक र साहित्यले समग्र मानिसको चेतनालाई वाणी प्रदान गर्दछ (नगेन्द्र, सन् १९८७ : ३६-३७) । यी दुवैमा सार्वभौम अनुभूति पाइन्छ । दुवैले प्रतीयमान सत्यलाई प्रकट गरेका हुन्छन् । साहित्यलाई जसरी प्रकृतिको अनुकरणका रूपमा लिइन्छ त्यसै गरी मिथकमा प्रकृतिको मानवीकरण गरिएको हुन्छ । जसरी मिथकमा अर्थलाई रूपबाट अलग गरिँदैन काव्यमा पनि रूपका अतिरिक्त अन्य अर्थ हुँदैन । दुवैको शब्द मूर्तरूप अविभाज्य हुन्छ (नगेन्द्र, सन् १९८७ : ३६-३७) । अङ्ग्रेजीका मिल्टन, शेली, किट्स, इलियट आदि र नेपालीका सोमनाथ सिग्देल, लक्ष्मी प्रसाद देवकोटा, सिद्धि चरण श्रेष्ठ, विश्वेश्वर प्रसाद कोइराला, राजेश्वर देवकोटा प्रभृत्ति साहित्यकारहरूका कृतिमा मिथक प्रयोगको प्रवृत्ति पाइनुले पनि साहित्यमा मिथकको प्रभाव प्रस्टिन्छ ।

मिथक र साहित्यमा कतिपय समानता रहे पनि रिचार्ड चेजले भनेजस्तै मिथक नै साहित्य हो वा यी दुई एकअर्काका पर्याय हुन् भन्ने धारणामा सहमत हुन सकिँदैन । क्यासिरेर र एस.के. ल्याङ्गरले मिथक र साहित्यलाई अलग अलग मानेका छन् । क्यासिरेरका अनुसार मिथकीय शब्द कविताको दुनियाँबाट टाढा रहन्छ (विम्सट र ब्रुक्स, सन् १९५७ : ७०२) । एस.के. ल्याङ्गरका अनुसार मिथक आफैमा साहित्य होइन, बरु साहित्य वा कलाको प्राकृतिक स्रोत हो (विम्सट र ब्रुक्स, सन् १९५७ : ७०८) । वास्तवमा मिथक र साहित्य एकअर्काका पर्याय होइनन् । यसमा चेजको अवधारणा अतिवादी छ भन्नु पर्छ । मिथकमा भावात्मकता, कल्पनाशीलता, प्रतीकात्मकता, चित्रात्मकता एवम् रहस्यानुभूति जस्ता अनेक यस्ता तत्त्वहरू हुन्छन् जसले त्यसलाई साहित्यको अत्यन्त नजिक पुऱ्याउँछ (सिंह, सन् १९८८ : ५४) । यी प्रवृत्तिहरूको समानता भन्दैमा दुवैलाई एक भन्नु उपयुक्त होइन । मिथकको स्वरूप र आयाम व्यापक हुन्छ । ज्ञानका विभिन्न क्षेत्रहरूमा मिथकको प्रभाव पाइन्छ । यसलाई केवल साहित्यसँग सम्बन्धित गर्दा यसको अर्थ र आयाममा सङ्कुचन हुन जान्छ । यति हो कि ज्ञानका अन्य शाखामा भन्दा साहित्यमा मिथकको प्रतिफलन ज्यादा रहन्छ । रचनात्मक स्तरमा साहित्यले मिथकलाई अत्यधिक दोहन गर्न सक्छ ।

साहित्यमा मिथकलाई रचनात्मक स्तरमा मात्र सीमित नराखी परिवर्तित सन्दर्भ र युग अनुसार नवीन अर्थवत्ताका साथ प्रकट गरिन्छ । कला, साहित्यमा जत्तिकै ज्ञानका अन्य शाखामा मिथकीय अर्थको रूपान्तरण भएको पाइँदैन । कलाकार, रचनाकार र विचारकहरूलाई मिथकको गतिशील स्वरूपले प्रासङ्गिक बनाएको हुन्छ । युग र परिस्थिति अनुकूलको सोचाइ वा चिन्तनलाई प्रकट गर्नका लागि मिथकको अर्थ रूपान्तरण महत्त्वपूर्ण हुन्छ र यसले गर्दा नै कलाकार, रचनाकार र विचारकहरू प्रासङ्गिक बन्न पुग्दछन् । यसलाई मिथकमा रहेको अनुकूलनको शक्ति पनि भन्न सकिन्छ । साहित्यमा मिथकीय सन्दर्भले रचनात्मक स्तरमा नै अर्थवत्ता हासिल गरेको हुन्छ (सिंह, सन् १९९५ : ९५-९६) । मिथकीय सन्दर्भलाई युगानुकूल परिस्थितिमा ढाल्नका लागि त्यसको उपयोग कतिसम्म गर्ने भन्ने कुरा रचनाकारमा निहित हुन्छ । आफ्नो रचनात्मक प्रस्तुतिमा रचनाकारले समयानुकूलको विचारलाई मात्र आत्मसात् गरेको हुन्छ । यस्तो विचारको अभिव्यक्ति सोझो नभई बक्र हुन्छ । कहिलेकाहीँ मिथकीय सन्दर्भलाई भिन्न रूपमा अभिव्यक्त गर्नु पर्ने अवस्था पनि आउँछ । यसरी मिथकीय सन्दर्भलाई भिन्न रूपमा प्रस्तुत गर्ने कार्य रचनाकारको साहसिक कार्य हो (सिंह, सन् १९९५ : ९६) । परम्परामा रूढ भएका मान्यतालाई चिरेर नवीन सन्दर्भमा भिन्न ढङ्गले अभिव्यक्त गर्न पक्कै पनि लेखकमा साहसको आवश्यकता पर्दछ । 'द्वन्द्वको अवसान' उपन्यासलाई यसैको दृष्टान्त मान्नु पर्छ । उपन्यासकार राजेश्वर देवकोटाले यस उपन्यासमा महाभारतबाट विषयवस्तु लिएका छन् । महाभारतका सन्दर्भमा प्रचलित परम्परागत धारणा अनुसार कृष्ण र अर्जुन त्यसका नायक हुन् । तर उपन्यासकार देवकोटाले महाभारतको युद्धमा आफ्नो सिद्धान्त र निष्ठामा अडिग कर्णलाई स्वीकार्दै उनलाई नै नायकत्व प्रदान गरेका छन् । कपट र धुर्त्याईं नभएका, वीर, कर्तव्यनिष्ठ र उदार कर्णले आफ्नो मान्यतामा अडिग रहेर गरेको कार्यलाई श्रेष्ठतम् ठान्दै मिथकीय सन्दर्भलाई भिन्न ढङ्गले प्रस्तुत गर्ने साहस देखाएका छन् ।

मिथकीय चेतनामा घटना र विचार सँगसँगै रहन्छन् । मिथकीय इतिवृत्तले त्यसको सारतत्त्वलाई घटना वा कार्यव्यापारका माध्यमबाट ग्राह्य बनाएको हुन्छ। साधारण मानिसले पनि बुझ्न सक्ने ढङ्गले मिथकमा विचारलाई इतिवृत्तात्मक रूपमा प्रस्तुत गरेको हुन्छ । शक्तिशाली रचनाकार वा साहित्यकारले मिथकीय इतिवृत्त वा चरित्रको माध्यमबाट रूपायित गरी नवीन अर्थवत्ता प्रदान गर्दछ । यस प्रक्रियामा रचनाकार द्वन्द्वात्मक स्थितिबाट गुज्रिएको हुन्छ र मिथक र समय सन्दर्भका बिचमा संवादको स्थिति सिर्जना गर्दछ जहाँ अतीत र वर्तमान एउटा विन्दुमा मिल्न पुग्छन् वा एकीकृत हुन्छन् (सिंह, सन् १९९५ : ९८) । रचनाकार मनोविज्ञानको मिथकीय चेतनाबाट मुक्त रहन गाह्रो पर्दछ । यस सन्दर्भमा युङ्गको सामूहिक अचेतनको धारणा अहिले पनि उत्तिकै सान्दर्भिक छ। विसङ्गत जीवन र दमित अहंबाट उन्मुक्त हुँदै व्यापक मानवीय कालखण्डमा विचरण गर्ने लालसा उनीहरूमा रहेको कारणले गर्दा नै साहित्यकारहरूको रचनामा मिथकीय अभिव्यक्ति पाइन्छ (अवस्थी, सन् १९८५ : २२६-२२७) ।

रचनाकारले मिथकलाई विभिन्न प्रकारबाट उपयोग गरेको पाइन्छ । समयानुसार मिथकको प्रयोगमा विभिन्नता पाइन्छ। मिथकलाई अलिकति पनि परिवर्तन नगरी आधुनिक साहित्य सिर्जना गर्न पक्कै पनि सकिँदैन, तर प्राचीन काव्यहरूमा भने यस्तो प्रवृत्ति पाइन्छ । लोक मानसमा रहेको आदिम भावनालाई यस्ता कृतिहरूले अझ व्यापक बनाएका हुन्छन् । मिथकलाई विस्तारित गर्ने र लोक भावनालाई छुने यस्ता कृतिहरूमा रामायण, महाभारतजस्ता महाकाव्यहरू पर्दछन् । यिनका आन्तरिक र बाह्य दुवै संरचनामा मिथकको अपरिवर्तित रूप पाइन्छ । यस्ता रचनाहरू राष्ट्रिय धर्म चेतनाको प्रादर्श समेत बन्न पुगेका छन् (अवस्थी, सन् १९८५ : २३०) । तर आधुनिक साहित्यमा मिथकको अपरिवर्तित उपयोगको सम्भावना रहँदैन । कुनै रचनाकार यस्तो प्रयोगतर्फ उन्मुख हुन खोजेमा आधुनिक कला चेतना र समय सन्दर्भबाट टाढिने मात्र होइन बिल्कुल असान्दर्भिक बन्न पुग्छ ।

मूल मिथकलाई अलिकति परिवर्तन गरेर पनि साहित्यको रचना भएको पाइन्छ । यस्ता रचनाहरूमा मिथकमा रहने घटना र चारित्रिक विशेषताहरूप्रतिको रूचि हुँदाहुँदै पनि त्यसलाई मानवीय सन्दर्भ दिएर विश्वासयोग्य बनाई प्रस्तुत गरिएको हुन्छ । मिथकको घटना र पात्रलाई आधार मान्दै त्यसका माध्यमबाट समकालीन जीवनदृष्टि या नवीन सन्देश दिने चाहना यस्ता रचनाहरूमा पाइन्छ । नेपाली साहित्यको माध्यमिक कालमा देखा परेको 'शर्मिष्ठा' उपन्यास र आधुनिक कालखण्डको 'आदर्श राघव' महाकाव्यलाई यस्तै प्रकारका कृतिमा राख्न सकिन्छ । सोमनाथ सिग्देलले आदर्श राघवमा रामको मिथकलाई महाकाव्यात्मक प्रस्तुति दिएका छन् र रामचन्द्रलाई आदर्श मानव, आदर्श पति र आदर्श राजाका रूपमा स्थापित गरेका छन् । रामको मिथकलाई मानवीय सन्दर्भमा ढालेर रामचन्द्रको आदर्श वर्तमानमा आदर्श बन्नका लागि अनुसरणीय छ भन्दै त्यसलाई समकालीन मानव जीवनसँग जोड्ने प्रयत्न गरेका छन् । कला चेतनाका दृष्टिले आधुनिक उपन्यास बन्न नसके पनि ऋद्धि बहादुर मल्लको 'शर्मिष्ठा' मा पनि मिथकलाई थोरै परिवर्तन गरी उपयोग गरेको छ। यसले देवयानी र शर्मिष्ठाको मिथकका माध्यमबाट नारीको स्वभाव र प्रवृत्तिहरूलाई देखाएको छ। दुराग्रही र हठी नारीहरूले देवयानीको नियति र त्यागी र सहिष्णु नारीहरूले शर्मिष्ठाको नियति भोग्नु पर्ने सन्देश दिँदै मिथकलाई समकालीन सन्दर्भसँग जोड्न खोजिएको छ (पौडेल, २०४९ : २८-२९) ।

साहित्यमा मिथकलाई परम्परागत ढङ्गले जस्ताको तस्तै अभिव्यक्ति दिनुको कुनै औचित्य हुँदैन । त्यसलाई युगीन सत्यको प्रकटीकरण वा वर्तमान मानवको जटिल मानसिकताको चित्रणका लागि उपयोग गर्नु औचित्यपूर्ण ठहर्छ । महान् साहित्यकारका महान् कृतिहरूले मिथकको दुरुस्त प्रस्तुतीकरण भन्दा पनि वर्तमानको मानव जीवनको सोचाइ, दृष्टिकोण, प्रवृत्ति र जीवनशैलीको उद्घाटन या समकालीन जीवनको अभिव्यक्तिका लागि मिथकलाई उपयोग गरेको पाइन्छ। मूल मिथकमा थपघट वा संशोधन गरेर त्यसै आधारमा नयाँ स्वर प्रकट गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ। युग सन्दर्भ अनुसार नयाँ मूल्य र अर्थमा मिथकलाई उपयोग गरेको पाइन्छ। यस दृष्टिले राजेश्वर देवकोटाको 'द्वन्द्वको अवसान' उपन्यास महत्त्वपूर्ण रहेको छ। यस उपन्यासमा मुख्य रूपले महाभारत कालीन विषयवस्तु र परिवेश रहे पनि त्यसले आधुनिकतालाई पनि छोएको छ । तत्कालीन अवस्थामा कर्णको कर्तव्यनिष्ठतालाई उच्च मूल्य नदिइए जस्तै समकालीन राजनीतिमा पनि इमान्दार र कर्तव्यनिष्ठ राजनीतिक प्रवृत्तिको कुनै महत्त्व नरहेकोतर्फ उपन्यासले सङ्केत गरेको छ । उपन्यासले

मिथकीय सन्दर्भका आधारमा वर्तमान राष्ट्रिय राजनीतिक सत्यलाई ध्वनित गरेको छ ।

कतिपय कृतिहरूमा मिथकका अंश वा टुक्राहरूलाई उपयोग गरी अभिव्यक्तिलाई प्रभावोत्पादक र मार्मिक बनाउने प्रवृत्ति पनि पाइन्छ । आवश्यकता अनुसार कृतिको कुनै पनि स्थानमा मिथकीय सन्दर्भको उपयोगले वस्तु र शिल्प दुवैमा नयाँ आयाम थपेको पाइन्छ । ध्रुवचन्द्र गौतमद्वारा रचित 'अलिखित' उपन्यासको दोरहन्तल ताल र त्यस तालमा दुर्योधनले लुकाएको सम्पत्ति सम्बन्धी मिथक यस्तै मिथकीय उपयोगको दृष्टान्त हो । यस मिथकीय सन्दर्भले एकातिर आजको मानिसको आशावादिता र अर्कोतिर लोभलालचलाई अभिव्यक्त गरेको छ ।

साहित्यमा मूल मिथकको विपरीत प्रयोग पनि पाइन्छ । मूल मिथकलाई परिवर्तन गरेर रचनाकार आफ्नो अभिव्यक्तिलाई प्रभावकारी बनाउन सक्छ । 'मोदिआइन' उपन्यासमा कृष्णले निर्वाह गरेको भूमिकामाथि प्रश्न गरेको छ । प्राचीन मिथकमा झैँ यस उपन्यासमा कृष्ण सत्य, न्यायी र नायक नभएर लाखौं मानिसको नरसंहारका प्रमुख कारक बनेका छन् । कतिपय रचनाकारहरू मिथकीय शब्दको मात्र प्रयोगले अभिव्यक्तिलाई प्रभावशाली बनाउँछन् । 'कृष्ण', 'युधिष्ठिर', 'अर्जुन', 'धृतराष्ट्र' जस्ता मिथकीय शब्दहरूले कृतिमा व्यक्त गर्न खोजेको अर्थलाई अझ गम्भीर र प्रभावोत्पादक बनाउन मद्दत गर्ने भएकाले यस्तो प्रयोग पनि प्रायः रचनाहरूमा पाइन्छ ।

प्रतिभाशाली साहित्यकारहरूले नयाँ मिथकको पनि निर्माण गर्दछन् । आफ्नो रचनालाई प्रसिद्ध, प्रभावशाली र सार्वकालिक बनाउनका लागि लेखक नयाँ मिथकको निर्माणतर्फ अग्रसर हुन्छ । यसको समर्थनको लागि अङ्ग्रेजी कवि ब्लेकलाई अघि सारिन्छ । कतिपयले मिथकीय संशोधनलाई मिथक निमार्णका रूपमा लिने गरेका छन् । वास्तवमा कुनै लेखकले आफ्नो स्वैरकल्पनालाई साहित्यिक फाँटमा मिथकवत् प्रसिद्ध बनाउन सक्यो भने त्यसलाई नयाँ मिथकको निर्माण भएको मान्नु पर्दछ (अवस्थी, सन् १९८५ : २३४) ।

हिजोआज सङ्केत विज्ञानको क्षेत्रमा समकालीन मिथकको धारणा अगाडि आएको छ । यस्तो अवधारणाले मिथकलाई असातत्य मान्दछ, प्रबन्धात्मक वृत्तान्तको अपेक्षा वाक्यवन्धमा हेर्दछ, सांस्कृतिक अर्थमा नहेरी अभिधा र लक्षणाको सङ्केतलाई पकड्नु पर्दछ वा भाषिक सङ्केतको रूपमा आत्मसात् गर्नु पर्दछ भन्दछ (अवस्थी, सन् १९८५ : २३४-२३५) । रोलाँ बार्थका अनुसार मिथकीय सन्देशको अर्थ विषयवस्तुलाई बुझ्नु नभएर त्यसलाई बदल्नु हो । उनी सङ्केतवादीहरूभन्दा पनि अघि बढेका छन् । उनको भनाइ अनुसार मिथकीय भाषा सङ्कुल (Thick) हुन्छ र मानवीय अभिव्यक्ति रहेसम्म शब्दार्थको रूपमा त्यसको विस्तार भइ रहन्छ (अवस्थी, १९८५ : २३५) ।

**निष्कर्ष**

मिथक अङ्ग्रेजी 'मिथ', ग्रीसेली 'मिथोस'बाट विकसित भएको शब्द हो । अङ्ग्रेजीको 'मिथ' शब्दका अर्थमा नेपालीमा मिथक शब्दको प्रचलन बढ्दै गएको छ । मिथकमा मूलतः सृष्टिको उत्पत्ति, व्यापार, गतिशीलता, जन्म, मृत्यु, दैवीशक्ति, प्राकृतिक तत्व र रहस्य आदि सम्बन्धी आदिम मानवको आस्था र विचार प्रकट भएको पाइन्छ । मूल रूपमा अलौकिक र चामत्कारिक घट्नाहरू रहेको प्रतीकात्मक आख्यान मिथक हो ।

अठाह्रौं सताव्दीमा ग्याम्वाटिस्टा विकोले मिथक भ्रमात्मक कल्पना नभएर प्राचीन ज्ञानको प्रतीकात्मक अभिव्यक्ति भनेपछि मिथकको अध्ययनतर्फ ज्ञानका विभिन्न हाँगाको चासो बढ्यो । यस क्रममा धर्मशास्त्रले धार्मिक कार्यलाई सम्पन्न गर्ने मौखिक क्रियाका रूपमा, मानवशास्त्रले सांस्कृतिक धरोहरका रूपमा, मनोविज्ञानले दमित इच्छाहरूको परिपूर्तिको साधन र सामुहिक अचेतनमा रहने र वंशानुगत रूपमा हस्तान्तरण हुने आद्यबिम्ब, समाजशास्त्रले सामाजिक चार्टर, भाषाशास्त्रले भाषाको विशिष्ट रूप, दर्शनशास्त्रले मानवको प्राचीन विचार वा दर्शनका रूपमा मिथकलाई अर्थ्याएका छन् ।

मिथकको साइनो सम्बन्ध ज्ञानका अन्य शाखाहरूभन्दा साहित्यसँग नजिक रहेको छ । मिथक साहित्यका लागि महत्त्वपूर्ण स्रोत हो भने कतिपय सन्दर्भमा यो आफैमा साहित्य पनि हो । रिचार्ड चेजले मिथकलाई कला मान्दछन् भने श्रीमती ल्याङ्गर कलाको स्रोत ठान्दछिन् । जे भए पनि वर्तमान समयमा मिथकको साहित्यिक प्रयोग बढ्दै गएको छ । मिथकलाई आधार बनाएर रचना गरिएको साहित्य उत्कृष्ट रहेको विश्व परम्परा देखिन्छ । साहित्यमा लेखकले मिथकलाई रचनात्मक सन्दर्भ मात्र नदिएर परिवर्तित समय र परिस्थिति अनुसार नयाँ अर्थवत्ता पनि प्रदान

गरेका छन् । ज्ञानका अन्य विधाभन्दा साहित्यले मिथकीय सन्दर्भलाई  युगीन सोचाइ र संवेदनामा रूपान्तरित गरेको छ र कलात्मक उचाइ प्राप्त गरेको छ । वर्तमान समस्याको समाधान मिथकका सहाराले खोज्ने  प्रवृत्ति साहित्यमा पनि पाइन्छ । लेखक जब कुनै युगीन समस्यमा जेलिन्छ, अनि उसले मिथकीय सन्दर्भलाई उपयोग गर्न थाल्दछ । मिथकमा रहेको अनुकूलनको शक्ति साहित्यमा युग र सन्दर्भ अनुसार रूपान्तरित भएर नवीन अर्थवत्ताको सामर्थ्य प्रदान गरि रहेको हुन्छ । यस्तो अर्थवत्ता सरल नभएर व्यङ्ग्यात्मक रूपमा प्रकट भएको हुन्छ । त्यसै गरी साहित्यमा नयाँ मिथकको निर्माण गर्ने प्रवृत्ति पनि पाइन्छ । महान् साहित्यकारले मिथकको रचना गर्न सक्छ । 'द वास्ट ल्याण्ड' का लेखक इलियट आफ्नो पुस्ताका मिथक सिर्जना गर्ने सर्जकहरूमध्ये सबैभन्दा शक्तिशाली मानिन्छन् । वर्तमान समयमा मिथकलाई साहित्यको रचनात्मक सन्दर्भबाट हेर्ने प्रचलन बढ्दै गएको पाइन्छ ।

मिथक साहित्यको अथाह स्रोत हो । साहित्यमा मिथकको दुरुस्त प्रस्तुतीकरण अपेक्षित हुँदैन । समय सन्दर्भ अनुसार मिथकको दोहन गर्न सक्ने साहित्य मात्रै आधुनिक र उत्कृष्ट बन्न सक्छ । चाहे जेहोस् मिथकभित्र पनि कतिपय साहित्यका लक्षणहरू विद्यमान रहेका हुन्छन् भने मिथकलाई आधार बनाएर पनि साहित्यकारले कालजयी कृतिको रचना गर्न सक्छ । उदाहरणका रूपमा कृष्ण धारावासीको 'राधा' उपन्यासलाई लिन सकिन्छ । यसले महाभारतकालीन राधा र कृष्णको मिथकलाई उपयोग गर्दै नारी उत्पीडन र तिनका स्वतन्त्रताको स्वरलाई मुखरित गरेको छ । त्यसैले मिथक साहित्यको महत्त्वपूर्ण स्रोत वा आधार हो भने यसभित्र पनि कथात्मकता, प्रतीकात्मकता, कल्पनाशीलता आदि जस्ता साहित्यिक प्रवृत्तिहरू रहेका हुन्छन्  । अतः मिथक र साहित्यका बिचमा घनिष्ट सम्बन्ध रहेको छ ।

***लेखक परिचय***

*लेखक डा. महेन्द्र कुमार मल्ल सुर्खेत क्याम्पस (शिक्षा) का क्याम्पस प्रमुख हुनुहुन्छ। उहाँका थुप्रै लेख रचना तथा पाठ्यपुस्तकहरु प्रकाशित छन् ।*

## सन्दर्भ सूचि

अवस्थी, ओम (सन् १९८५), रचना प्रक्रिया, दिल्ली : राष्ट्रभाषा संस्थान ।

नगेन्द्र (सन् १९८७), मिथक और साहित्य, दोस्रो संस्क., नयीँ दिल्ली : नेशनल पब्लिशिङ्ग हाउस ।

पौडेल, यामनाथ (२०४९), सु. ऋद्धिबहादुर मल्लको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन, स्नातकोत्तर शोधपत्र, काठमाडौँ : नेपाली केन्द्रीय विभाग, त्रि.वि.वि. ।

श्रीवास्तव, जगदीश प्रसाद (सन् १९८५), मिथकीय कल्पना और आधुनिक काव्य, वाराणसी : विश्व विद्यालय प्रकाशन।

सिंह, निलम (सन् १९९७), नयी कविता में पौराणिक सन्र्दभ एवम् मिथकीय प्रयोग, विद्यावारिधि शोध प्रबन्ध, काशी : काशी हिन्दू विश्व विद्यालय ।

सिंह, मालती (सन् १९८८), मिथक : एक अनुशीलन, इलाहावाद : लोकभारती प्रकाशन ।

सिंह, वीरेन्द्र, (सन् १९९५), "मिथक और साहित्यः सम्वाद के नये सन्दर्भ", रतन कुमार पाण्डेय (सम्पा.) साहित्य, सौन्दर्य और संस्कृति, वाराणसी : विश्व विद्यालय प्रकाशन ।

Bell, M. (2006). *Anthropology and/as Myth in Modern Criticism.* Patricia Waugh (ed.), Theory and Criticism, New Delhi : Oxford University Press.

Bodkiln, M. (1990). *Archetypal Patterns in Poetry"* Fourth edn. Susanne Langer (Trans.), Raman Seldel (ed.), The Theory of Critism, from Plato to the Present, U.K. : Longman Group

Bridgewater, W., & Elizabeth S. (1956 ed.). The Columbia Encyclopaedia Second edn. New York : Columbia University Press.

Cassirer, E. (1990). *Language and Myth*, fourth edn., Susanne Langer (Trans.), Raman Selden (ed.), The theory of critism, from Plato to the present, UK: Longman Group.

Chase, R. (1976). *Notes on the Study of Myth.* Indian edn., William J. Hardy and Max Westbrook (Eds.), Twentieth century criticism, The major statements, New Delhi : LIght and Life Publishers.

Cuddon, J.A. (1992). The Penguin Dictionary of Literary Terms and Literary Theory. Third edn., London : Penguin Books.

_____________. (2002). *Myth Today.* fourth Indian reprinted, Julie Rivkin and Michael Ryan (eds.), Literary Theory: An Anthology, UK : Blackwell Publishers Ltd.

Frye, N. (1957). Anatomy of Criticism: Four essays, New Jersey : Princeton University Press.

____________. (2003). *Myth, Fiction, and Displacement.* B.B. Das and Jatindra Mohan Mohanty (eds.), Literary Criticism : A Reading, New Delhi : Oxford University Press.

Max, W. (eds.), Twentieth century criticism. The major

Seymour, S. C. (1995). Macmillan Dictionary of Anthropology, eighth edn., London : Macmillan Press Ltd.

Spence, L. (1994). Introduction to Mythology, London : George G. Harrap and Company Ltd.

Strauss, Claude–L. (2002). *The Structural Study of Myth.* Julie Rivkin and Michael Ryan (eds.), Literary Theory: An Anthology. Indian reprinted. UK : Blackwell Publishers Ltd.

Wellek, R. & Austin, W. (1993). Theory of Literature, A Seminal of the Nature Penguin Books.and Function of Literature in all its Contexts, second edn., London :

Wheelwright, P. (1976), *Poetry, Myth and Reality.* Indian edn., William J. Hardy and statements, New Delhi : LIght and Life Publishers.

Wimsatt, W. K. & J. R. C. B. (1957). Literary Criticism; A Short History, New Delhi : Oxford Publishing Company Pvt. Ltd.

Yung, C.G. (2002), *The Psychology of the Child Archetype.* R.F.C. Hull (Trans.), Jung, C.J and C. Kerenyi (ed.), The science of mythology, London: Routledge Classics.